१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**मानव बेचबिखनजन्य कार्यहरु**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने.
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचविखन मानिने कार्य हुन् ।
- यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१७ ।। अङ्क : ११४ ॥ २०८२ जेठ २० गते मंगलबार (3rd June 2025 Tuesday) **Pratidin** National Daily मूल्य–रु.५/–

# झापामा बसेर पूर्वराजा शाह के गर्दैछन् ?

झापा(प्रस)। राजसंस्था पुनर्स्थापनाका लागि राजेन्द्र लिङ्देन , कमल थापाहरु राजधानीमा आन्दोलित भइरहँदा पूर्वराजा ज्ञानेन्द्र शाह भने झापामा चुपचाप बसेका छन् ।

जेठ ११ गतेदेखि उनी झापामा छन् । दमक नगरपालिका -९ स्थित हिमालय महालक्ष्मी टि इस्टेटमा रहेको मिनी दरबारभित्र पूर्वराजा शाह बसेका छन् । एक साताभन्दा बढी समय बितिसक्दा केही व्यक्ति र परिवारका सदस्य बाहेक उनले अरुसंग भेटघाट गरेका छैनन् । राजावादीहरुको जारी आन्दोलनका बारेमा पूर्वराजाको भूमिका कस्तो रहन्छ भनेर खोजी भइरहँदा त्यसप्रति उनले 'सेक्रेसी' कायम गरेका छन् । गुमनाम जस्तै बसेका शाहले भेट्न




पुगेका धेरैलाई फर्काइदिएका छन् ।

दमकमा आएर बसेदेखि नै पूर्वराजा शाहलाई भेट्न दिनहुँ समर्थकहरु पुग्ने गरेका छन् । तर, उनको स्वकीय सचिवले भेटघाट सबैसंग बन्द गरिएको भन्दै फर्काइदिने गरेको छ । राजावादी र हिन्दुवादी संगठनहरु भेट्न नपाएपछि चिया बगानको गेटमा चौकीदारलाई बिन्ती पत्र छोडेर जाने गरेको बुझिएको छ । एकजना हिन्दु अतिवादी नेता शाहलाई भेट्न दुई पटक गएकोमा भेट गर्न नपाई त्यतिकै फर्किएका छन् । झापाका मात्र नभएर अरु जिल्लाबाट समेत समर्थकहरु भेट्न आएपनि भेट्न नपाउँदा उनीहरु निराश भएर फर्किने गरेको बताइएको छ । जेठ ११ गते काठमाडौंदेखि पूर्वराजा शाह , छोरी प्रेरणा राज्यलक्ष्मी शाह, भतिजी शिताष्मा शाहलगायत ५ जना आएका थिए । यसबीचमा शाहकी छोरी प्रेरणा ,भतिजी शिताष्मा भारतको सिलिगुडी घुम्न गएको बुझिएको छ ।

त्यस्तै पूर्वराजा शाहका ज्वाइँ राजबहादुर सिंह (प्रेरणा शाहको श्रीमान) सोमवार हिमालय महालक्ष्मी टी इस्टेटस्थित मिनी दरबार आएका थिए । राजबहादुर सिंहसँग बीरेन्द्र महर्जन र दिपकराज तिमिल्सिनासमेतको टोली भेटघाट गरी फर्केको बताइएको छ।

यसैबीच राप्रपाका केन्द्रीय उपाध्यक्ष उद्धब पौडेलसहितको टोलीले सोमवार पूर्वराजासँग भेटघाट गरेको बताइएको छ । सो टोली भेटघाट गरी सोमवार नै मिनी दरबारबाट बिर्तामोडतर्फ

❖ बाँकी अन्तिम पृष्ठमा

# कमलादीमा हिमानी र हृदयन्द्रले गरे दीप प्रज्वलन

झापा(प्रस) । दिवंगत राजपरिवारको स्मृतिमा पूर्वराजपरिवारका सदस्यहरूले दीप प्रज्वलन गरेका छन्। कमलादीस्थित गणेश मन्दिरमा पूर्व युवराज्ञी हिमानी शाह र उनका छोरा हृदयन्द्र शाहले पनि दीप प्रज्वलन गरेका थिए। हिमानी ट्रष्टको आयोजनामा उक्त दीप प्रज्वलन आयोजना गरिएको थियो।



सोमबार समितिका संयोजक नवराज सुवेदीले एक विज्ञप्ति जारी गर्दै साँझ ६ बजे राजधानीको कमलादी गणेशस्थानमा दिवङ्गत आत्माहरूको चिरशान्तिको कामना गर्दै दीप प्रज्वलन गर्न लागिएको जानकारी दिएका थिए । विज्ञप्तिमा शोकका दिन कुनै पनि जुलुस र धर्ना जस्ता कार्यक्रमहरू नराखिएको समेत जनाइएको छ । संयोजक सुवेदीले दीप प्रज्वलन कार्यक्रममा सहभागी हुन आन्दोलनकारी तथा सर्वसाधारण जनसमुदायलाई हार्दिक अनुरोध गरेका थिए । २०५८ साल जेठ १९ गते नारायणहिटी दरबारमा तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाहसहित १० जनाको हत्या भएको थियो ।

# एक लाखको नक्कली नोटसहित भारती पक्राउ

झापा(प्रस) । झापाको काँकरभिट्टामा एक लाखको नक्कली नोटसहित एक व्यक्ति पक्राउ परेका छन् ।

आइतवार राति ९ बजे मेचीनगर नगरपालिका - ६ काँकरभिट्टामा रहेको नेपाल बैंक अगाडि तेह्रथुम फेदाप गाउँपालिका वडा नं. २ओयाक्जुङ बस्ने २८ वर्षीय गणेश भारती नक्कली नोटसहित पक्राउ परेका हुन् ।

भारती शंकास्पद हिडडुल गरिरहेको अबस्थामा इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा उनको साथबाट नेपाली दर नोट १ हजारको जस्तो देखिने बुङलाई रवरले बाँधेको अवस्थामा फेला परेको थियो ।

त्यस बुङलाई गन्ती गरी हेर्दा नोट नम्बर ञ.३१, ८६६५७९ उल्लेख भएको जम्मा ४२ थान, नोट नम्बर ज.१२, ०८३५७९ उल्लेख भएको जम्मा ५६ थान र नोट नम्बर झ.७६.२३८८२६ उल्लेख भएको जम्मा २ थान गरी जम्मा १ सय थान रंगिन प्रिन्ट गरिएको नोट फेला परेको प्रहरीले जनाएको छ । नक्कली नोटसहित भारतीलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ ।

# इलाममा जंगली च्याउ खाएर ६ जना बिरामी



झापा(प्रस) । तीनजनाको मृत्यु भएको इलाममा जंगली च्याउ खाएर फेरि ६ जना विरामी परेका छन् । नवलपुर बुलिङटार गाउँपालिका २ घर भई हाल इलाम माईजोगमाई ३ स्थित नयाँ हाईड्रोपावरमा काम गर्नेहरु च्याउ खाएर बिरामी परेका हुन् । सोमवार बिहान १० बजे जंगलबाट टिपेर ल्याएको जंगली च्याउ पकाएर उनीहरुले बिहानको खाना खाएका थिए ।

उनीहरु दिउँसो २ बजे अचानक बिरामी भई बान्ता हुँदा फिक्कल अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएको छ । बिरामी सबैको अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

बिरामी हुनेहरुमा नवलपुर बुलिङटार २ बस्ने २८ वर्षीय खिम सारु मगर सोही ठाउँ बस्ने १७ वर्षीय गुना सारु मगर ,२४ वर्षीय दिनेश बाच्ने मगर, नवलपुर लक्ष्मीपुर वडा नं.१२ बस्ने भिम १८ वर्षीय सुनिल मगर , २७ वर्षीय मनोज मगर र २२ वर्षीय मनिष बाच्ने मगर रहेका छन् । गत साता इलाममा जंगली च्याउ खाएर इलाम माङसेबुङ ५ लारुम्बा घर भएका तीनजनाको मृत्यु भएको थियो ।

# पाको उमेरमा गुरुङ र लिम्बूले गरे दोस्रो घरजम

• **लक्ष्मी उप्रेती**

मेचीनगर । उमेर खाएर पाको उमेरमा घरजम गरेका उदाहरणहरु धेरै छन् । झापा मेचीनगर–६ काँकरभिट्टा निवासी संविधान सभा सदस्य ५३ वर्षीया उषा गुरुङ र मोरङ लेटाङ नगरपालिका–६ निवासी पूर्व युवा तथा खेलकुद मन्त्री ६१ वर्षीय डिगबहादुर लिम्बूले पनि पाको उमेरमा घरजम बसाएका हुन् ।

१८ माघ २०८१ मा लेटाङ नगरपालिका–६ नम्बर वडा कार्यालयमा विवाह दर्ता गरी दुवैले विवाहलाई औपचारिक रूपमा पूर्णता दिएको नेतृ गुरुङले जानकारी दिइन् । उनले सामाजिक सञ्जालमा समेत जोडीको फोटो पोस्ट गरेकी छन् । गुरूङ २०६४ र २०७० को संविधान सभाको सदस्य भएकी थिइन् ।



पाको उमेरमा घरजम गर्ने यी जोडी त प्रतिनिधि पात्र मात्र हुन् । साहित्यकार कृष्ण धरावासीले पनि पाको उमेरमा आएर मञ्जु विमलीसँग दोस्रो विवाह गरेका थिए । काँग्रेस नेता बलबहादुर केसीको पनि पाको उमेरमा बिहे भएको हो । उनले राजनीतिमा सक्रिय रिना केसीसँग २०५९ सालमा विवाह गरेका हुन् । लामो समयको प्रेम सम्बन्धपछि उनीहरू एक भएका हुन् । रिना काँग्रेसको भगिनी संगठन नेपाल महिला संघको केन्द्रीय नेतृ हुन् हुन त धेरैको पहिलो विवाह रहरको विवाह भएपनि दोस्रो विवाहलाई आवश्यकताको रुपमा लिने बताइएको छ । नेपालका थुप्रै नेताहरुले मात्र नभएर सेलिब्रेटीहरु समेत पाको उमेरमा विवाह बन्धनमा बाँधिएका छन् ।

नेतृ गुरुङको पहिलो विवाह करिब १५/१६ वर्षको उमेरमा भएको थियो । विविध कारणले पहिलो विवाह सफल नभएपछि उनले पाको उमेरमा दोस्रो विवाह गर्नु आवश्यकता र बाध्यता भएको प्रतिक्रिया दिइन् । नेपाली काँग्रेस महासमिति सदस्य समेत रहेकी समाजसेवा र होटल व्यवसायमा सक्रिय गुरुङले आफ्नो साथमा छोरा, बुहारी र नाति बस्दै आएको बताइन् । त्यसपछि उनले विगत उप्काउन चाहिनन् ।

मोरङ क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित नेपाली काँग्रेस मोरङका सभापति पूर्व मन्त्री लिम्बूकी श्रीमती गंगामायाको २०८० पुसमा निधन भएको थियो । उनीहरूका १ छोरी र १ छोरा छन्

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सिफारिसमा काँग्रेस नेता लिम्बूलाई राष्ट्रपति रामचन्द्र पौडेलले युवा तथा खेलकुद मन्त्रीमा नियुक्त गरेका थिए ।विवाहपूर्व दुई नेताबीच लामो समयसम्म विवाहकै विषयमा छलफल भएको थियो । तर, दुवै परिपक्व भएकै कारण निर्णयमा पुगेको बताइएको छ । 'हाम्रो यो विवाह 'जनवादी विवाह' जस्तै भयो' नेतृ गुरुङले भनिन्– 'न जन्ती न घर गाउँले, न पाटी न भोज न सिन्दुर न पोते एक पैसा खर्च नगरी हामीले वडा कार्यालयमा गएर विवाह दर्ता गरी यो यात्रा अघि बढाएका हौं ।'

२०८० वैशाखमा युवा तथा खेलकुद मन्त्री बनेका लिम्बू अहिले एउटा विषयमा विद्यावारिधी 'पीएचडी' को तयारीमा छन् । उनै लिम्बूको स्थायी बसोबास रहेको मोरङको लेटाङ घरमै रहेको नेतृ गुरुङले बताइन् । आवश्यकता अनुसार उनको माइती घर झापाको मेचीनगर पनि आउने उनले बताइन् ।

**ताजा फलफूल तथा जुस पाउने एकमात्र ठाउँ**



भद्रपुर–८, बिजुली अफिस अगाडी रहेको फलफूल पसलमा सबै प्रकारका फलफूल (स्याउ, सुन्तला, अनार आदी) पाउनुको साथै बिरामी तथा स्वास्थ्य मानिसको लागि फ्रेस जुस पनि पाईन्छ ।



सम्पर्क
**श्याम फ्रुट्स एण्ड जुस सेन्टर**
भद्रपुर ८, बिजुली अफिस अगाडी
९८२६७२१५२८

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-8, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरूदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# बिर्तामोडमा चोरीको श्रृंखला जारी



बिर्तामोड(प्रस) । बिर्तामोडमा चोरीको श्रृंखला जारी रहेको छ ।
यसक्रममा शनिवार राति बिर्तामोड-१०, बिराटपोखरमा लाखौंको चोरी भएको छ। ध्रुवप्रसाद शिवाकोटीको घरबाट १७ तोला सुन र नगद तीन लाख रुपैयाँ चोरी भएको हो । शिवाकोटीको घर केही दिनदेखि सुनसान थियो। उनी राजावादी आन्दोलनमा सहभागी हुन जेठ १४ गते काठमाडौं गएका थिए भने उनकी श्रीमती जेठ २ गते अष्ट्रेलिया गएकी छन् । छिमेकी टिकामाया शिवाकोटीका अनुसार घरमा कोही नभएको र मुख्य ढोका ताल्चा लगाइएको अवस्थामा चोरले पूर्वतर्फको मुख्य ढोका फुटाएर चोरी गरेको हो । घरको बिच तलाको सुत्ने कोठाभित्र रहेको स्टिलको दराजको ताल्चा फुटाई दराजभित्र रहेको १७ तोला सुन र नगद रु ३ लाख गरी जम्मा ३४ लाख ९२ हजार बराबरको चोरी भएको प्रहरीले जनाएको छ ।

यसअघि गत बैशाख २६ गते बिर्तामोडमा दिनदहाडै १९ लाख बराबरको धनमाल चोरी भएको थियो ।बिर्तामोड वडा नं. ३ पुण्डरी टोल बस्ने किरण दाहालको अढाई तले घरबाट नगद र गरगहना चोरी भएको थियो ।
त्यसअघि बैशाख १५ गते दिनदहाडै ढोका फोरी बिर्तामोड नगरपालिका वडा न.४ हिमशिखर टोल बस्ने कमला कार्कीको घरबाट २९ लाख बराबरको धनमाल चोरी भएको थियो ।

# सरकार र यातायात व्यवसायीबीच सहमति भएन



झापा(प्रस) । सार्वजनिक यातायात नै ठप्प पारेर आन्दोलनमा उत्रिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र सरकारबीचको सोमवारको वार्ता निष्कर्षविहीन भएको छ । ६ बुँदामा सहमति नजिक पुगे पनि मुख्य मागमा भने सहमति जुट्न सकेन ।
'आजको दुई चरणको वार्तामा कुनै सहमति बन्न सकेन,' नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले भने, 'अर्को वार्ता भोलि बिहान साढे १० मा बस्ने कुरा भएको छ ।'
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव कृष्णराज पन्थको नेतृत्वमा गठन भएको सरकारी वार्ता टोली र यातायात व्यवसायीबीच सोमवार दुई चरणमा वार्ता भएको थियो ।
गण्डकी प्रदेश सरकारले राइड सेयरिङ नियमावली ल्याएपछि यातायात व्यवसायीहरू ७ बुँदे मागसहित आन्दोलनमा छन् । गण्डकी प्रदेशमा चार दिनदेखि सार्वजनिक यातायात ठप्प छ भने सोमबारदेखि यातायात व्यवसायीले देशभर यातायात ठप्प पारेका छन् ।
वार्ता नटुंगिएकाले बन्दका कार्यक्रमबारे थप निर्णय नभएको अध्यक्ष स्वाँरले बताए ।

# बिर्तामोडमा स्वतन्त्र नागरिक समाज गठन



झापा(प्रस)। झापाको बिर्तामोडमा स्वतन्त्र नागरिक समाज गठन भएको छ । बिर्तामोड -४, भद्रपुर रोडस्थित किराँत याक्थुङ चुम्लुङ बिर्तामोडको सभाहलमा सोमवार भएको भेलाले स्वतन्त्र नागरिक समाज गठन गरेको हो ।मुक्कुम्लुङ संरक्षण संयुक्त संघर्ष समितिका झापा जिल्ला संयोजक हिमालयप्रकाश कन्दङवाको अध्यक्षता तथा किराँत चोत्लुङ गुरुमाङेना सेवा समितिका केन्द्रीय अध्यक्ष केहरसिंह योङ्याको प्रमुख आतिथ्यतामा करिब ५० जनाको उपस्थितिमा कन्दङवाकै संयोजकत्वमा स्वतन्त्र नागरिक समाज गठन गरिएको हो ।
३६ सदस्यीय नगर समितिको उपाध्यक्षमा केशव भण्डारी , सचिव रुमिला राई , सहसचिव चेतनाथ निरौला र कोषाध्यक्षमा शसिता राई रहेका छन् ।

# हावाहुरीले ठूलो क्षति



झापा(प्रस) । झापाको दमकमा हावाहुरीले ठूलो क्षति पुर्याएको छ ।
आइतवार राति ९ बजे अबिरल बर्षासंगै आएको हावाहुरीले दमक नगरपालिका वडा न.९ मा बन्द अवस्थामा रहेको तुलसी बहुमुखी सहकारी संस्थाको भवनको अगाडीको सम्पूर्ण सिसा फुटी झर्दा सोही भवन अगाडी पार्क गरी राखेको मे १ ज २०३० नम्बरको बोलेरो गाडीको अगाडीको सिसा फुटेको छ । साथै बोलेरोको अगाडीको भागसमेत कुच्चिएर क्षति भएको छ ।
सोही भवनको माथि लगाएको ट्रस समेत हावाले उडाई सोही स्थानमा बस्ने कमला पोखरेल(भट्टराई) ले संचालन गरेको दाजुभाई पसलको छानोमा ट्रस झरी क्षति पुगेको छ । घटनाको क्षतिको विवरण संकलन गर्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
त्यस्तै हावाहुरीसंगै आएको पानीले दमक नगरपालिका वडा न.४ अडियामलमा अडियामलबाट आम्दा अस्पताल निस्कने भित्री सडकखण्डमा रहेको ७ वटा बिजुलीको पोल ढलेको छ । पोल ढलेर बाटो अबरोध भएसंगै बिजुलीको लाइन काटिएको छ । इलाका प्रहरी कार्यालय दमकबाट टोली खटिएर बुझ्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री खगेन्द्र उप्रेती, पश्चिमः श्री संजय प्रसाई, उत्तर : सडक, दक्षिणः श्री गोपाल निरौला को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री चुडामणी सापकोटाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | १ | १०४८० | १३५.४४ | २०७९/०७ /१५ | २०७९/०७ /१५ | २०८२/०२/१६ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री मिना थापा खत्री, पश्चिमः श्री सिता चुडालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री हेमा भण्डारीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ १९ | १०६० | १६९.३० | २०८१/१२ /१३ | २०८१/१२ /१३ | २०८२/०१/१७ |

# पाथीभरामा केबलकार निर्माण धमाधम हुँदै



झापा(प्रस)। सर्वोच्च अदालतको आदेशबाट सहज बनेपछि पाथीभरामा केबलकार निर्माण कार्य पुनः शुरु भएको छ ।
शुक्रवार बिहानदेखि ताप्लेजुङ फुङलिङ -११ काफ्लेपाटीमा केबलकार निर्माण कार्य सुचारु भएको हो । निर्माणाधीन पाथीभरा देवी दर्शन केबुलकार आयोजनाको बटम स्टेशननजिक मजदुरहरुले केबलकारको पोल रहने ठाउँमा खाल्डो खन्ने कार्य शुरु गरेका हुन् । उनीहरुले लगातार चार दिनदेखि काम गरिरहेको जनाइएको छ ।
सर्वोच्चको आदेशपछि प्रसिद्ध तीर्थस्थल पाथीभरामा केबलकार निर्माणको बाटो खुलेको हो । पाथीभरामा बनाउन लागिएको केबलकारले वातावरण विनास गर्ने र लिम्बू जातिहरुको मुन्धुमी सभ्यता संकटमा पर्ने भन्दै त्यसलाई रोक्न माग गर्दै दायर रिटमा सर्वोच्चले यसअघि दिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिएपछि निर्माणको बाटो खुलेको हो ।
यामबहादुर लिम्बूसमेत ८ जनाले पाथीभरा देवी दर्शन केवलकार प्रा.लि लगायतलाई विपक्षी कायम गरी २०८१ चैत ७ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए ।
रिटमा यसअघि सुनुवाइ गर्दै न्यायाधीश सारंगा सुवेदीको एकल इजलासले केबलकार निर्माण तत्कालका लागि अघि नबढाउनू भनी विपक्षीहरूका नाममा अल्पकालीन आदेश जारी गरेको थियो ।

सोही मुद्दामा गत बैशाख ३१ गते सुनुवाइ गर्दै न्यायाधीशद्वय नहकुल सुवेदी र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले यसअघिको अल्पकालीन आदेशलाई निरन्तरता नदिने आदेश दिएको हो । पाथीभरामा केबलकार निर्माणले मुन्धुमी संस्कृतिमाथि प्रहार गरेको भन्दै स्थानीय लिम्बू समुदाय आन्दोलित बनेका थिए । आन्दोलनका क्रमका प्रहरीले बल प्रयोग गर्दा कैयन घाइते समेत भएका थिए ।

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मिति २०८२/०२/२०

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

तपसिलः

**शाखा कार्यालय : विराटनगर**

**ऋणी, धितो सुरक्षण र व्यक्तिगत जमानतकर्ताको नाम, थर तथा तीन पुस्ते विवरण**

**ऋणी / धितो जमानतकर्ता :** इन्द्र कुमार दाहालको नाति, लोक नाथ दाहालको छोरा, नागरिकता बमोजिम मोरङ जिल्ला, दुलारी उ.म.न.पा. / गा.वि.स., वडा नं १ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, बुढीगंगाा गा.पा., वडा नं. १ बस्ने मिति २०६१/०५/२० मा जिल्ला प्रशासन कार्यालय, मोरङबाट जारी भएको ना.प्र.नं. ६/८२९ भएको बर्ष ३७ को **प्रकाश कुमार दाहाल** ।

**धितो सुक्षणको विवरण :** प्रकाश कुमार दाहालको नाममा मा.पो.का. विराटनगर मोरङमा दर्ता कायम रहेको मोरङ जिल्ला, हात्तिमुढा न.पा./गा.वि.स., वडा नं. ८ स्थित क्षेत्रफल ०-१-० भएको कि.नं. १६७० को जग्गा र उक्त जग्गामा निर्मित घर र उक्त घर जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

**व्यक्तिगत जमानतकर्ता :**
नाम : संगीता बाह्रकोटी
बाबु : विष्णु प्रसाद बाह्रकोटी
पति : प्रकाश कुमार दाहाल
ना.प्र.नं : १११०४१ जारी मिति २०६१/१२/३१, संखुवासभा
ठेगाना : संखुवासभा जिल्ला, बाह्रविसे गा.वि.स., वडा नं. ५, स्थायी ठेगाना भई हाल बुढीगंगाा गा.पा., वडा नं. १ मोरङ ।

**व्यक्तिगत जमानतकर्ता :**
नाम : श्री प्रसाद लम्साल (जैसी)
बाबु : लिलानाथ जैसी
बाजे : डिल्लीराम लम्साल
ना.प्र.नं : ८५४५, जारी मिति २०४४/०९/२१, मोरङ
ठेगाना : मोरङ जिल्ला, विराटनगर न.पा., वडा नं १ स्थायी ठेगाना भई हाल विराटनगर म.न.पा., वडा नं. १ मोरङ ।

**कर्जा शिर्षक :- व्यक्तिगत कर्जाहरु**

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग

### झापामा...

प्रस्थान गरेको स्रोतले जनाएको छ ।राजधानीमा राजावादीहरूले प्रदर्शन जारी राखेका छन् । प्रदर्शनका क्रममा आइतवार राप्रपा नेपालका अध्यक्ष कमल थापा पक्राउ परेका थिए । निषेधित क्षेत्र तोड्ने प्रयास गरेपछि थापासँगै अन्य प्रदर्शनकारीहरू पनि पक्राउ परेका थिए । राजसंस्था र हिन्दू राज्य पुनःस्थापनाको माग गर्दै संयुक्त जनआन्दोलन परिचालन समितिले जेठ १५ गतेदेखि निरन्तर आन्दोलन गर्दै आएको छ। आफूहरूको मुद्दा स्थापित नभएसम्म आन्दोलन नरोकिने उनीहरुले जनाएका छन्। पूर्वराजाको मौनता र दुर्गा प्रसाई हिरासतमा रहनुले राजावादीहरुको आन्दोलनमा ऊर्जा नभरिएको आन्दोलनकारीहरु बताउँछन् ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति–२०८२/०२/२०

**कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/१२/०२ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साविकको सुरुङ्गा ह्याप्पी किड्स एकाडेमी प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति , तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/१२/०८ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरी ज्ञानकुन्ज एकाडेमी प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सरकार कमजोर

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६८ मा 'स्वच्छ प्रतिस्पर्धात्मक ढंगबाट यातायात व्यवसाय विकास गर्न सार्वजनिक सवारीलाई चक्रीय प्रणालीअन्तर्गत सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन' भन्ने प्रावधान छ। तर यसविपरीत यातायात व्यवसायीले सिन्डिकेट चलाएपछि सर्वोच्च अदालतले ०६१, ०६७ र ०७३ सालमा चरणबद्ध आदेश दिएर त्यस्ता संयन्त्र खारेज गरिदिएको थियो। त्यसपछि पनि यातायात व्यवसायीहरूले समिति बनाएर यातायात क्षेत्रमा खुल्ला प्रतिस्पर्धालाई निषेध गर्दै 'सिन्डिकेट' कायम गरेपछि २०७५ वैशाख ४ को मन्त्रिपरिषद्ले यातायात क्षेत्रमा रहेका सबै खालका सिन्डिकेट अन्त्यको निर्णय गरेको थियो। 'सिन्डिकेट' चलाइरहेका यातायात समिति त्यही निर्णयबाट खारेज भएका थिए । तर खारेज भइसकेको 'सिन्डिकेट' अझै अघोषित रूपमा चलिरहनुमा सरकारको कमजोरी छ। यही कमजोरीमा खेलेर उनीहरूले अहिले सवारी बन्द गर्ने धम्की दिने र राज्यलाई घुँडा टेकाउने रणनीति अपनाएका हुन्। जसमा उनीहरू सफल भएका छन्।

गण्डकी प्रदेशसभाबाट पारित ऐन, 'राइड सेयरिङ' सञ्चालनको पक्षमा सर्वोच्च अदालतले गरेका फैसला र औद्योगिक व्यवसाय ऐन २०७६ को संशोधित व्यवस्थाअनुसार नियमावली ल्याएको गण्डकी सरकारको भनाइ छ। प्रदेशसभाबाट २०७६ मा गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ पारित भएको थियो। ऐनको दफा १३ को उपदफा (४) मा निजी प्रयोजनका लागि दर्ता भएका सवारीसाधनले आवश्यक प्रक्रिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्रु बिमा गरी यात्रु ओसार पसार गर्न सकिने व्यवस्था छ। सर्वोच्च अदालतले पनि २०८१ असार १३ मा 'राइड सेयरिङ' लाई कानुनी मापदण्डमा ल्याएर व्यवस्थित गर्न आदेश गरेको थियो। तत्कालीन प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ र न्यायाधीश टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले गरेको फैसलाको पूर्णपाठ गत पुसमा सार्वजनिक भएको थियो। पूर्णपाठमा 'राइड सेयरिङ' जस्ता यातायात सेवा व्यवसायको दर्ता, सञ्चालन, व्यवस्थापन र अनुगमनका लागि आवश्यक कानुनी व्यवस्था चाँडै लागू गर्न सरकारलाई निर्देशन दिइएको थियो।

यातायात व्यवसायीहरू भने सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ८ ले निजी सवारी यातायात सेवाका लागि प्रयोग गर्न नपाइने र दफा १२ ले एक प्रयोजनका निम्ति प्रयोग भएका सवारी अर्को प्रयोजनमा प्रयोग गर्न नपाइने व्यवस्था गरेको तर्क गर्दै रातो नम्बर प्लेटका सवारी भाडामा लगाउन नहुने माग गर्दै आएका छन्। यो व्यवस्था लागू भए गण्डकी प्रदेशभित्र मात्र १५ हजार सवारीसाधनमा कार्यरत करिब ४५ हजारको प्रत्यक्ष रोजगारी गुम्ने र पेट्रोल पम्प, मोटर पार्ट्स, लुब्रिकेन्ट्ससँग सम्बन्धित काममा जोडिएका व्यक्तिहरू आफ्नो पेसा व्यवसायबाट विस्थापित हुने तर्क गरेका छन्। तर यी तर्क आफैंमा कमजोर छन्।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पेसी सरेको सऱ्यै, हामी हेरेको हेऱ्यै



• डा. हेमराज शर्मा

सौभाग्यवश, जीवनमा कहिल्यै अदालत जानुपर्ने अवस्था आएन। नेपालमा स्नातकोत्तर सकेलगत्तै म बिदेसिएँ र विदेशमा बसेको २८ वर्ष अवधिमा अदालतको गेटसम्म पुग्नु परेन। केही हप्ताअघि नेपाल गएका बेला पहिलोपटक सर्वोच्च अदालत जाने अवसर मिल्यो। फिल्महरूमा देखिएको अदालती बहसभन्दा यो अनुभव निकै फरक रह्यो। विदेशमा रहेका नेपालीहरूको साझा संस्था, एनआरएनएसँग सम्बन्धित मुद्दाको बहस हेर्न सर्वोच्च अदालत पुगेको थिएँ। शेष घले समूहले गर्न लागेको अधिवेशनले एनआरएनएलाई 'दुई चिरा पार्ने' ठहर गर्दै परराष्ट्र मन्त्रालयले अधिवेशनको मिति सार्न सर्वोच्च अदालतमा निवेदन दिएको थियो। उक्त निवेदनको लगातार ६ दिनसम्म पेसी चढेर पनि 'हेर्न नमिल्ने' कारण बहस हुन सकेन। न्यायाधीशहरू सम्बन्धित मुद्दामा पहिले कतै संलग्न रहेका भए वा मुद्दामा बहस गरिरहेका अधिवक्ताहरूसँग उनीहरूको व्यक्तिगत, पेसागत वा व्यावसायिक सम्बन्ध रहेको भए, 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट'का कारण मुद्दा हेर्न नमिल्ने अवस्था आउँदो रहेछ। घले समूहले यस्तो कानुनी व्यवस्थालाई कमजोरीका रूपमा लिँदै, न्यायाधीशहरूसँग सम्बन्ध भएका अधिवक्ताहरूलाई खोजीखोजी वकालतनामा जोडेको थियो। 'साधसोध' जस्तो सामान्य मुद्दामा उनको तर्फबाट २० जना जति अधिवक्ता जोडिएका थिए। जब मुद्दामा बहस सुरु हुन थाल्थ्यो, घले समूहका अधिवक्ताहरूले 'श्रीमान्सँग फलानो अधिवक्ताको सम्बन्ध भएकाले यो मुद्दा हेर्न मिल्दैन' भन्ने दाबी गर्थे। त्यसपछि न्यायाधीशहरू दुर्गेश थापाको गीतमा जस्तै 'हेरेको हेऱ्यै' हुन्थे। अदालतमा यस्तै चलिरहँदा घले समूहले 'एकताको अधिवेशन' सम्पन्न गऱ्यो, जसका कारणले अहिले एनआरएनए औपचारिक रूपमा दुई टुक्रामा विभाजित भएको छ।

न्याय सरल र सहज किसिमले समयमा दिलाउन अधिवक्ताहरूले पनि भूमिका खेल्नुपर्ने हो। तर विडम्बना के भने, पूर्वकानुनमन्त्री, पूर्वमहान्यायाधिवक्ता र बार एसोसिएसनका पूर्वपदाधिकारीहरू नै न्यायालयलाई जानीजानी अल्झाउने भूमिका खेल्दा रहेछन्। पेसाको मर्यादाबाहिरको यस्तो व्यवहारको उदाहरण विदेशमा देखेको थिइनँ। विगतमा पनि सर्वोच्च अदालतले समयमा न्याय दिन नसक्दा एनआरएनए विभाजनको स्थितिमा पुगेको थियो। २०२१ मा १०औं अधिवेशनको विवाद लिएर घले सर्वोच्च अदालत पुगेका थिए। सो मुद्दामा २०२४ अप्रिलमा मात्र फैसला सुनाइयो, पूर्ण पाठ थप तीन महिना ढिला आयो। उक्त फैसलाले १०औं अधिवेशनबाट निर्वाचित कार्यसमिति खारेज गर्दै घलेको संयोजकत्वमा अन्य पूर्वअध्यक्षहरूसहितको उच्चस्तरीय समितिलाई एकताको अधिवेशन गर्ने जिम्मा दिएको थियो।

तर यो आदेश आउनु ६ महिनाअघि नै ११औं अधिवेशन सम्पन्न भई डा. बद्री केसीको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित भइसकेको थियो। सो जानकारी हुँदाहुँदै पनि, ११औं अधिवेशनबाट निर्वाचित समितिलाई कुनै स्वीकारोक्ती नगरी फैसला सुनाइयो। यसले निर्वाचित समिति 'हेरेको हेऱ्यै' भयो। १०औं अधिवेशन खारेज गर्दा ११औं अधिवेशनबाट निर्वाचित समितिको हैसियत के हुने भन्ने विषयमा थोरै मात्र हेक्का राखिएको भए वा ११औं अधिवेशनभन्दा पहिले मुद्दाको फैसला गरेको भए अहिलेको जस्तो विभाजनको स्थिति आउने थिएन। त्यो फैसलामा तथ्यगत त्रुटिहरू रहेको दाबी गर्दै सो फैसलाको पुनरावलोकन (रिभ्यु) गर्न सर्वोच्च अदालतमा २०२४ सेप्टेम्बरमा मुद्दा दर्ता गराएँ। फैसलाको प्रकरण नम्बर ३७ मा १०औं अधिवेशन खारेज गर्नुपर्ने मुख्य कारणको रूपमा भनिएको छः 'परराष्ट्र मन्त्रालयले प्रक्रियासम्मत हिसाबले विधान प्रमाणीकरण गरी उक्त विधानअनुसार अधिवेशन तथा निर्वाचन सम्पन्न गरेको देखिएन।'

१०औं अधिवेशन हुँदा म महासचिव थिएँ। मेरो नै प्रस्तावमा अधिवेशनमा विधान संशोधन पारित भई, संशोधित विधानलाई परराष्ट्र मन्त्रालयले प्रमाणित गरेको थियो। यही प्रमाणित विधानको आधारमा १०औं कार्यसमिति निर्वाचित भएको थियो। विधान संशोधन र अधिवेशनको सम्पूर्ण प्रक्रिया फेसबुकबाट प्रत्यक्ष प्रसारण गरिएको थियो, जुन सार्वजनिक डोमेनमा अझै पनि छ। यस्तो स्पष्ट तथ्यहरू नदेखिएकै कारणले मैले पुनरावलोकनको मुद्दा हालेको थिएँ। त्यो मुद्दा पनि ७ पटक पेसी चढिसक्दासमेत 'हेर्न नमिल्ने' भन्दै स्थगित हुँदै आएको छ। त्यसैले म स्वयं पनि 'हेरेको हेऱ्यै' भएको छु। फैसलाले निर्वाचित कार्यसमितिमाथि अन्याय गरेको भन्दै डा. बद्री केसीले आफ्नो कार्यसमितिलाई पूर्ण कार्यकालसम्म काम गर्न दिनुपर्ने मागसहित सर्वोच्च अदालतमा २०२४ मेमा मुद्दा दायर गरे। सुरुमा दरपिठ भएको उक्त मुद्दामा अर्को संयुक्त इजलासले २०२४ अगस्टमा फैसला सुनाउँदै ११औं अधिवेशनलाई 'स्वायत्त र सार्वभौम' घोषणा गऱ्यो र सो अधिवेशनबाट निर्वाचित डा. केसीको कार्यसमितिलाई पुनःस्थापित गऱ्यो। त्यो फैसलापछि 'हेरेको हेऱ्यै' को पालो शेष घलेतिर सऱ्यो, किन भने उनले ११औं अधिवेशनबाट निर्वाचित कार्यसमिति स्वतः खारेज भइसकेको दाबी गरेका थिए।

पछिल्लो फैसलालाई बेवास्ता गर्दै घलेले २०२५ मे ३-५ मा 'एकता अधिवेशन' सम्पन्न गरे। आफ्नो पार्टीको एक कार्यकर्तालाई संघको अध्यक्ष बनाउने सर्तमा उक्त अधिवेशनमा परराष्ट्रमन्त्री डा. आरजु राणा पनि सहभागी भइन्। जबकि अधिवेशन सार्ने मागसहित उनी स्वयंको निर्णयले हालेको मुद्दा अझै सर्वोच्च अदालतमा विचाराधीन छ।

यस पटक 'हेरेको हेऱ्यै'को स्थिति भने प्रधानमन्त्री केपी शर्मा ओलीको थियो, किनभने उनको नेतृत्वमा रहेको सत्ता गठबन्धनले घलेको अधिवेशनमा भाग नलिने निर्णय गरेको थियो तर सहमति तोडेर आफ्नो कार्यकर्ताहरूलाई पदमा ल्याउन डा. राणा घलेको अधिवेशनमा सहभागी भइन्। एउटा निर्वाचित समिति अस्तित्वमै रहेको अवस्थामा, उक्त समितिको सहभागिता र सहकार्यबिना, प्रचलित विधानलाई रद्दीको टोकरीमा फालेर व्यक्तिगत कार्यविधिका आधारमा गरिएको अधिवेशन न त विधिसम्मत हुन्छ, न त व्यावहारिक नै, न वास्तविक एकताको नै। त्यसैले अधिवेशन केही समयका लागि सारेर बृहत् एकताको अधिवेशन होस् भन्ने प्रधानमन्त्रीको चाहना थियो भनिन्छ। यद्यपि, उनको यो चाहना आफ्नै शुभचिन्तकहरूको हितमा नहुने स्थितिमा, उनले कस्तो प्रतिक्रिया देखाउँथे भन्ने प्रश्न आफ्नै ठाउँमा छ।

शेष घलेद्वारा जबरजस्ती एकताको अधिवेशन गराएको भनी डा. केसीले पुनः सर्वोच्च अदालतमा अर्को मुद्दा दायर गरे। २०२५ मे ६ मा संयुक्त इजलासले यो विषयलाई पूर्ण इजलासमा पेस गर्न आदेश जारी गऱ्यो। यस आदेशले पहिलो फैसलाअनुसार 'पूर्ण एकता अधिवेशन' शेष घलेको समितिले गर्ने वा दोस्रो फैसलाअनुसार डा. केसीको कार्यसमितिलाई कार्य गर्न दिने भन्ने विषयको अन्तिम टुंगो लगाउन पूर्ण इजलासलाई अनुरोध गरेको छ। पछिल्लो इजलासले शेष घलेको समितिको औचित्यमाथि प्रश्न उठाएको र डा. केसीको कार्यसमितिको कार्यकाल २०२५ को अक्टोबरसम्म तोकेकाले शेष घले पुनः 'हेरेको हेऱ्यै' भएका छन्। साथमा परराष्ट्रमन्त्री डा. राणा र घलेद्वारा 'वाचित' कार्यसमिति पनि सोही नियतिमा परेको छ।

सर्वोच्च अदालतमा रहेका १७ न्यायाधीशमध्ये करिब १० जनाले एनआरएनएको यस मुद्दा हेर्न मिल्दैन। गोला प्रथाबाट न्यायाधीश छनोट हुने प्रक्रियाले गर्दा मुद्दा हेर्न मिल्ने न्यायाधीशहरूको पूर्ण इजलास कहिले बन्ने र अन्तिम निर्णय कहिले आउने भन्ने विषय अनिश्चित बनेको छ। यस अनिश्चितताको बीचमा, आगामी जुलाई महिनामा अधिवेशन गर्नुपर्ने संघका राष्ट्रिय समितिहरूसमेत अलमलमा छन्। संघभित्रको विवाद र सर्वोच्च अदालतले समयमै फैसला दिन नसक्दा, गैरआवासीय नेपाली नागरिकता कहिले कार्यान्वयनमा आउला भनी प्रतिक्षारत लाखौं एनआरएनहरू समेत अहिले 'हेरेको हेऱ्यै' छन्। यसैबीच, सरकारको समेत लगानी रहेको करिब १० अर्ब रुपैयाँको संयुक्त लगानी कार्यक्रमअन्तर्गत पहिलो किस्ताको रकम बुझाइसकेका लगानीकर्ता पनि अन्योलमा परेका छन्। यस प्रकरणमा पहिलो इजलासले १०औं अधिवेशनलाई गैरकानुनी ठहर त गऱ्यो, तर त्यही गैरकानुनी कार्यमा संलग्न व्यक्तिहरूलाई नै 'एकता अधिवेशन' गराउने जिम्मा सुम्पियो। चार हजार प्रतिनिधि एकातिर र एक सय प्रतिनिधिमात्र अर्कोतिर सहभागी भएर सम्पन्न भएका दुईवटा १० औं महाधिवेशनको तौल न्यायको तराजुमा समान देखियो। श्रीमान्हरूले मुद्दा हेर्न नमिल्ने घोषणा गरेपछि इजलासबाट बाहिएर साथीहरूका साथ सर्वोच्च अदालतको बार्दलीमा घाममा लर्छिँदै, अगाडिको बाटोमा घुइँकिएका कारहरूको एकोहोरो गुञ्जनबीच मैले सोचें, एनआरएनएको जस्तो हाइप्रोफाइल मुद्दा, जहाँ दुवै पक्षबाट ३० जनाभन्दा बढी वरिष्ठ अधिवक्ताहरू सहभागी छन्, जो नेपालमा ख्यातिप्राप्त, मन्त्री भइसकेका, महान्यायाधिवक्ता रहिसकेका, बार एसोसिएसनका पूर्व र वर्तमान पदाधिकारीसमेत हुन्। प्रधानमन्त्रीदेखि परराष्ट्रमन्त्रीसम्म मुद्दामा जोडिएका छन्, मुद्दा लड्न पैसाको अभाव छैन। त्यो मुद्दाको हालत यस्तो छ भने देशको दूरदराजको एउटा गरिब किसानले कसरी समयमा न्याय पाउला ? यस आर्थिक वर्षको बजेट विनियोजनमा अर्थमन्त्रीले कानुन मन्त्रालयलाई प्राथमिकताको सूचीको पुछारमा राखेका छन्। जब सरकारले अदालतको स्रोत वृद्धि गरेर मुद्दा छिटोछरितो टुंग्याउने चाहना देखाउँदैन भने जनताले हेरको हेऱ्यै गर्ने बाहेक अर्को के विकल्प रह्यो र ? कालो कोट लगाएका अधिवक्ताहरूको भिड पन्छाउँदै सर्वोच्च अदालतको बार्दलीको भऱ्याङबाट ओर्लँदै गर्दा पनि सोच्दै थिएँ, धन्न भौतिकशास्त्र छोडेर कानुनी पेसा रोजिनँ, जहाँ मुद्दा जित्न मनले होइन, दिमागले बोल्नुपर्ने रहेछ। तर यति सोच्दा सोच्दै, साँच्चिकै न्यायका निम्ति लड्ने अधिवक्ताहरूप्रति भने श्रद्धा झनै गहिरिएर आयो।

सर्वोच्च अदालतको गेटबाट बाहिरिँदै गर्दा जिल्लावासी दुर्गेश थापाकै गीतको धुनसँगै सर्वोच्च अदालत र सरकारलाई केही भन्न मन लाग्यो,

के हो तिम्रो काम ? हाम्ले न्याय पाम।
हिमालजस्तै निश्चल तिमी, कहिले दिन्छौ घाम ?
कता हिँडेको ?
पट्टी बाँधेर, तराजु बोकेर, फाइल रोकेर।
अलमल गरेर, तिम्ले ढिला गरेर।
पेसी सरेको सऱ्यै।
हामी हेरेको हेऱ्यै।
हाम्रो किस्मत छ थोरै।
सरकार हेरेको हेऱ्यै।

# बजेटको सुधार मार्गदिशा



• जुनारबाबु बस्नेत

बेलायतलगायतका मुलुकमा १८ औं शताब्दीमै अभ्यासमा आएको बजेट प्रणाली नेपाल आइपुग्न राणाकाल अन्त्य हुनु पऱ्यो। जम्मा नजोड्नु र कच्चा पनि नछोड्नु भन्ने राणाकालीन मान्यता थियो। यसले राज्यको आयलाई शासककै जानकारीमा मात्र केन्द्रित गर्नु स्वाभाविक हुने नै भयो। यसबाट राज्यको आय श्री ३ को निजी सम्पत्ति जस्तै हुन पुग्यो। राज्यको आय ठुला महल र शासकको विलासी जीवनमा खर्च गरिएको इतिहास छ। कसैलाई पनि कर उठाउन नछोड्ने तर जम्मा जोडेर सार्वजनिक जानकारी नदिने निरङ्कुश परम्परा २००७ सालपछि अन्त्य भयो। तत्कालीन अर्थमन्त्री सुवर्णशमशेरले २००८ सालमा पहिलो पटक बजेटलाई सार्वजनिक जानकारीमा लैजानु नयाँ युगको सन्देश थियो। बजेट सार्वजनीकरण निरन्तर चल्यो। बजेटको साढे सात दशक इतिहासलाई निरन्तरता दिँदै उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जेठ १५ गते आर्थिक वर्ष २०८२/८३ का निम्ति बजेट सार्वजनिक गर्नुभएको छ। प्रस्तुत बजेट अब विधायिकी विमर्शसँगै जनस्तरमा समेत उच्च चासोको विषय भएको छ।

नयाँ आवका निम्ति कुलमा १९ खर्ब ६४ अर्ब ११ करोड रुपियाँको बजेट ल्याइएको छ। यसमा चालु खर्च ११ खर्ब ८० अर्ब ९८ करोड छ भने पुँजीगतमा चार खर्ब सात अर्ब ८९ करोड विनियोजन गरिएको छ। वित्तीय व्यवस्थापन अन्तर्गत तीन खर्ब ७५ अर्ब २४ करोड रुपियाँ व्यवस्था गरिएको छ। वित्तीय व्यवस्थापन ऋणको साँवा ब्याज तिर्न प्रयोग हुने छ। चालु आवमा पुँजीगत बजेटभन्दा बढी वित्तीय व्यवस्थानका निम्ति विनियोजन गरिएको थियो तर नयाँ आवका निम्ति पुँजीगत बजेट बढी छ। देशको आधुनिक पूर्वाधारको आवश्यकता पूरा गर्न विकास बजेटलाई उच्च प्राथमिकता दिने प्रयास गरेको देखिन्छ। त्यसका निम्ति समीक्षाको मुख्य आधार मानिने बजेटको मूलभूत उद्देश्य केलाउनु पर्ने हुन्छ। यो बजेटले पाँच वटा मुख्य उद्देश्य राखेको देखिन्छ। उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने बजेटको पहिलो उद्देश्य छ। नयाँ आवका निम्ति छ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य छ। चालु आवमा पाँच प्रतिशतभन्दा तलै आर्थिक वृद्धि भए पनि बजेट कार्यान्वयनले गति लिन सक्दा छ प्रतिशतको आर्थिक वृद्धि सम्भव छ। महत्वाकांक्षी होइन। अझै पनि देशका एकपञ्चांश जनता गरिबीको रेखामुनि रहेको वास्तविकतालाई बजेटको पहिलो उद्देश्यले प्राथमिकतामा राख्नु स्वाभाविक छ। दिगो र उच्च आर्थिक वृद्धिसहितको निरन्तर यात्राले मात्र गरिबी निवारण गर्न सकिने छ। तीन दशकअघि २०४८ सालमा ४९ प्रतिशत अर्थात् आधा जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि रहेकोमा २० प्रतिशभन्दा तल आउनु पनि ठुलै उपलब्धि हो। गरिबीलाई एकै पटक शून्यमा झार्न कठिन भए पनि समयसीमा नै तोकेर अब अगाडि बढ्ने बेला भने आइसकेको छ।

बजेटको दोस्रो उद्देश्य उद्यमशीलता विकास र सार्वजनिक तथा निजी लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने भनिएको छ। सरकारले मात्र विकासका सबै काम गर्न सक्दैन। त्यसका निम्ति सार्वजनिक लगानीसँगै निजी क्षेत्रलाई प्रोत्साहन गरिनु पर्छ। देशको अर्थतन्त्रको ८० प्रतिशत हिस्सा निजी क्षेत्रले नै आकार लिएको भुल्नु हुँदैन। यतिबेला कर्जाको ब्याजदर तल्लो विन्दुमा हुँदा पनि अपेक्षित लगानी विस्तार हुन सकेको छैन। अर्थतन्त्रमा छ खर्ब रुपियाँभन्दा बढी तरलता मौजुदा छ। त्यसैले उद्यमशीलता विकास गरी लगानी प्रोत्साहन बजेटको नीतिगत र फराकिलो आयाम हो। बजेटको तेस्रो लक्ष्यमा आधुनिक प्रविधिको प्रयोग बढाउँदै आर्थिक दक्षता वृद्धि गर्ने रहेको छ। सूचना प्रविधि लगायत आधुनिक प्रविधिले मात्र अर्थतन्त्रका तीन वटै क्षेत्र कृषि, उद्योग र सेवा क्षेत्रको परम्परागत पद्धतिबाट अगाडि बढ्न सकिने यथार्थलाई बजेटको उद्देश्यले समेटेको छ। त्यसै गरी सामाजिक संरक्षण एवं विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने बजेटको चौथो उद्देश्य छ। बजेटको पाँचौं उद्देश्यमा गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्धनलाई लिइएको छ। राज्य संयन्त्रबाट प्रदान गरिने सेवा प्रवाहमा ठुलो गुनासो छ। सार्वजनिक सेवा र सुशासन प्रवर्धन नगरी आधुनिक राज्यको सही अर्थमा आधारशिला बन्न सक्ने छैन।

बजेटको पाँच वटा लक्ष्य आयामिक छन्। ती लक्ष्य पूरा गर्न बजेटको प्राथमिकता तोकिएको छ। ती प्राथमिकतामा पहिलोले उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि रहेको छ। लगानी र उद्यमशीलता अन्तरसम्बन्धित छन्। रोजगारी सिर्जना गर्न उद्यमशीलता अभिवृद्धि गर्नै पर्छ। त्यसले मात्र उत्पादन र उत्पादकत्व बढाउँछ। अर्थतन्त्रका सबै क्षेत्रमा लागतको तुलनामा न्यून लाभको मुख्य कारण न्यून उत्पादकत्व हो। उत्पादनलाई उत्पादकत्व अभिवृद्धिसँग जोड्न सक्दा मात्र लगानी आकर्षित हुन्छ। दिगो र विस्तारित पूर्वाधारबिना आधुनिक विकास सम्भव छैन त्यसैले बजेटको दोस्रो प्राथमिकता प्रतिफलयुक्त गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी विस्तार गरिने भनिएको छ। पूर्वाधार विकास चाहेजसरी शीघ्र र गुणस्तरीय बन्न सकेको छैन। सडक, विमानस्थल, औद्योगिक पार्क, विद्युत्, पानी आदि पूर्वाधारमा वाञ्छित लक्ष्यमा पुग्न धेरै मेहनत गर्नुपर्ने छ। बजेटको अर्को प्राथमिकता सामाजिक क्षेत्रमा गुणात्मक सुधार रहेको छ। राज्यको सामाजिक दायित्व मात्र भएर हुँदैन, त्यसलाई गुणात्मक बनाउनु पनि जरुरी छ। बजेटको चौथो प्राथमिकतामा सन्तुलित विकास र सामाजिक सुरक्षाको सुनिश्चितता रहेको छ। त्यसै गरी नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधारलाई बजेटको अन्तिम प्राथमिकता राखिएको छ। सुशासन प्रवर्धनमा असाध्यै महत्वपूर्ण छ।

कुनै एकै वर्षको बजेटले उर्लंदो जनआकाङ्क्षा पूरा हुन सक्दैन। बजेट कुन दिशामा अग्रसर छ ? बजेटका नीति, कार्यक्रम र योजनाले लगानी प्रवर्धन गर्न सक्छ वा सक्दैन ? बजेटले आय, उत्पादन र रोजगारी बढाउन सक्छ वा सक्दैन ? भन्ने मूलभूत विषयको वस्तुगत विश्लेषण आवश्यक हुन्छ। बजेटको उद्देश्य र प्राथमिकता दिगो विकासको आधार सिर्जनासँगै लगानी प्रवर्धन गर्ने नीतिगत सुधारमा केन्द्रित भएको देखिएको छ। यतिबेला मुलुक साधन र स्रोतको ठुलो दबाबमा छ। राजस्व लक्ष्य अनुसार विस्तार हुन सकेको छैन। नयाँ आवका निम्ति विनियोजित बजेट पूरा गर्न सरकारले राजस्वबाट १३ खर्ब १५ अर्ब प्राप्त गर्ने लक्ष्य लिइएको छ। चालु आवको ११ महिनाका आधार विश्लेषण गर्ने हो भने यो लक्ष्य पूरा गर्न राजस्व प्रशासन अझै प्रभावी बन्नु पर्छ। राजस्व प्रशासन प्रभावी मात्र भएर हुँदैन, अर्थतन्त्रमा क्रियाशीलता बढाउन पनि उत्तिकै नीतिगत र प्रशासनिक सुधार आवश्यक छ। राजस्व र कुल बजेटबिच ठुलो खाडल छ। यो खाडल अर्थात् घाटा बजेट पूरा गर्न ऋण र अनुदानको सहयोग लिइने सरकारको बाध्यता हो। सरकारले आन्तरिक ऋणबाट तीन खर्ब ६२ अर्ब उठाउने छ। अर्थतन्त्रमा झन्डै छ खर्बको तरलताले अहिलेलाई ऋण उठाउन सहज हुने छ तर लगानी वृद्धिसँगै बैङ्क तथा वित्तीय संस्थामा निक्षेत्रमा दबाब पर्न सक्ने अवस्थालाई गम्भीर मूल्याङ्कन गरिनुपर्ने हुन्छ। यो दबाबले निजी क्षेत्र लगानी अभावमा खुम्चन सक्ने छ।

कुल विनियोजित बजेटको लक्ष्य पूरा गर्न वैदेशिक ऋणबाट दुई खर्ब ३३ अर्ब ६६ करोड लिइने छ। वैदेशिक अनुदान अंश यताका वर्षमा घटिरहेको छ। अमेरिकामा हालै आएको नयाँ नेतृत्वले अनुदान सहयोगमा लिएको नीतिले समेत नेपालीको बजेट आयमा प्रतिकूल प्रभाव पर्छ। आयस्रोत साँघुरो हुँदै गएको परिवेशमा सरकारको साधारण अर्थात् चालुतर्फको खर्च नै उच्च छ। नयाँ आवका निम्ति ११ खर्ब ८१ अर्ब आवश्यक पर्ने गरी विनियोजन गरिएको छ। यो राजस्वको लक्ष्यभन्दा केही न्यून मात्र हो। साधारण खर्च पुँजीगत र पुँजीगत खर्च भने साधारण खर्च भइदिएको भए बल्ल देशको आर्थिक विकासले गति लिन सक्ने थियो। कुनै बेला (२०५० ताका) बजेटको ७० प्रतिशत विकासतर्फ जाने गरेको थियो तर पछिल्ला वर्षमा विकास बजेट खुम्चँदै गयो। तथापि

❖ बाँकी तेस्रो पृष्ठमा

# ठगीका अनेक रूप

झापा । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा एक युवक 'म त ठगिएँ सर' भन्दै उजुरी लिएर पुगे ।

पर्सास्थित वीरगञ्ज महानगरपालिकाका २८ वर्षीय अनिल पटेलले वैदेशिक रोजगारका लागि दुबई जाने भन्दै सिराहास्थित मिर्चैयाका राजेशकुमार महरालाई १ लाख ५४ हजार रुपैयाँ दिएका रहेछन् ।

राम्रोसँग पढ्न/लेख्न समेत नजानेका पटेलले महरालाई नगदै दिएका रहेछन् । महराले पासपोर्ट र भिसाका लागि सिराहाबाट पटेललाई काठमाडौं बोलाए । राहदानी बनाइदिए । इटहरिबाट दुबई जाने हो भन्दै पटेललाई महराले हवाईजहाज चढाएर विराटनगर ओराले । त्यहाँबाट इटहरि पुऱ्याएर एकसाता राखे । पटेल दिनभरि गेस्टहाउसमा बस्थे । महरा साँझ आउँथे । आज काम भएन, भोलि हुन्छ भन्थे । पटेल पत्याउँथे ।

एकसाता विराटनगरमा बसेपछि काठमाडौंबाटै जहाजको टिकट मिल्ने भयो भन्दै पटेललाई महराले काठमाडौं ल्याए । कीर्तिपुरस्थित आफ्नै डेरामा राखे । केही दिन कीर्तिपुरमा बसेर पटेललाई महराले फेरि विराटनगर लगे । माइक्रोबस चढाएर इटहरि पुऱ्याएका पटेललाई पुनः गेस्टहाउसमै राखियो । एक सातापछि पुनः काठमाडौं ल्याइयो । यो क्रम तीनपटकसम्म चलिरह्यो । तर, पटेलले आफू ठगको फन्दामा परेको थाहा पाएनन् ।

जब महरा कीर्तिपुरको डेरा नै छाडेर भागे, अनि मात्रै पटेलले आफू ठगिएको थाहा पाए । उनी केही सीप नलागेपछि प्रहरी कार्यालय पुगे । टेकुस्थित अपराध अनुसन्धान कार्यालय पुगेका पटेललाई यति मात्रै थाहा थियो कि, उनलाई दुबई पठाइदिन्छु भनेर महराले १ लाख ५४ हजार नगद लिएका थिए । दुबई जाने भनेर ३ पटक इटहरि पुऱ्याएका थिए । उनले प्रहरीमा त्यही कुरा बताए । तर, पैसा दिएको प्रमाण उनीसँग थिएन ।

पटेलसँग खाना र खाजा खाने पैसा समेत थिएन । प्रहरीले उनलाई खाना र खाजा खुवाएर राखे । महरालाई खोज्दै जाँदा उनकी आमा ललितादेवी फेला परिन् । प्रहरीले आमालाई पनि कार्यालयमा बोलायो । शुरूमा ललितादेवी आफ्नो छोराले गलत काम गरेको छैन भनेर प्रहरीसँग कड्किइन् । महरा खै भनेर सोध्दा ललितादेवीले 'ऊ त जेलमा छ' भन्ने जवाफ दिइन् ।

महराले अर्का एक जनालाई पनि वैदेशिक रोजगारीमा पठाइदिने भनेर ५ लाख ठगी गरेका रहेछन् । काठमाडौं जिल्ला अदालतले महराविरुद्ध ५ लाख बिगो जरिवाना भराउन आदेश गरेको रहेछ । उक्त बिगो तिर्न नसकेपछि महरा जेल परेका रहेछन् । उनी हाल डिल्लीबजार सदरखोजमा जेल जीवन बिताइरहेको प्रहरी अनुसन्धानबाट खुलेको छ । महराकी आमाले पैसा दिएर सम्झौता गर्ने निर्णय गरेपछि बाहिर वकिलमार्फत उनले पटेललाई चेक दिइन् । उनीहरू मिलापत्र गरेर आ-आफ्नो बाटो लागे ।

टेकुस्थित काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा केही दिनअघि मात्रै घटेको घटना हो यो । 'पटेल ठगिएको रकम त्यति ठूलो नभए पनि ठगले उनलाई दुबई भनेर इटहरि ३ पटक पुऱ्याएको देखियो,' अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले भने, 'राम्रोसँग लेख्न र बोल्न नजान्ने सोझासाझालाई ठग्ने प्रवृत्ति हो यो ।'

केही अघि मात्रै अनुसन्धान कार्यालयमा एउटा अर्को उजुरी परेको थियो । बुटवल बस्ने सम्झना (नाम परिवर्तन) र चितवन बस्ने दिनेश (नाम परिवर्तन) बीच सामाजिक सञ्जालमा चिनजान भयो । सम्झनाका पति कतारमा काम गर्थे । दिनेश चितवनमा बेरोजगार थिए ।

सामाजिक सञ्जालमा दिनेश र सम्झनाबीच कुराकानी हुन थाल्यो । दिनेशले आफू पनि कोरियामै बसेर आएको र फेरि जान लागेको बताए । त्यत्तिकैमा सम्झनाले 'कोरिया जान के गर्नुपर्छ ?' भनेर सोधिन् । दिनेशले कति पैसा छ ? भनेर साधे । सम्झनाले २०/२१ लाख छ भनिन् । आफूसँग विवाह गरे 'डिपेन्डेन्ट' भिसामा लैजाने भनेर दिनेशले सम्झनालाई फकाए ।

बुटवलबाट सम्झना काठमाडौं आइन् । दिनेश पनि काठमाडौं आए । दुवैजना होटलमा बसे । सम्झनाको राहदानी बनाइदिए । सम्झानालाई लिएर कोरियन एम्बेसीमा लगे । कुरा गरेको जस्तो गरेर एम्बेसीको झ्याल पुगेर दिनेश फर्किए । सबै प्रक्रिया मिल्ने भयो २१ लाख रुपैयाँ चाहिन्छ भनेर सम्झनालाई भने । सम्झनाले बैंकमा गएर २१ लाख नगद झिकेर दिनेशलाई दिइन् । होटलमा उनीहरू सँगै बसेका थिए ।

बिहानीपख दिनेशले आफू कोरियन एम्बेसीको मान्छे भेटेर आउँछु भनेर झोला बोकेर हिँडे । तर, उनी फर्किएनन् । सम्झनाले कयौं प्रयास गर्दा पनि दिनेश सम्पर्कमा आएनन् । अनि मात्रै सम्झना अनुसन्धान कार्यालय पुगिन् । मोबाइलको कलडिटेल हेरेर दिनेशसँग सम्पर्क भएका मान्छे पहिल्याउँदै प्रहरी दिनेशसम्म पुग्यो । उनलाई बूढानीलकण्ठबाट पक्राउ गरेर ल्यायो ।

दिनेशले सम्झनासँग लिएको रकममध्येको १५ लाख रुपैयाँको चेक काटेर दिएपछि सम्झनाले मुद्दा नचलाउने बताइन् । बाँकी पैसाका लागि ३ महिनाको म्याद मागेर उनीहरू सहमतिमै फर्किए ।अनुसन्धान कार्यालयका प्रवक्ता आचार्यका अनुसार धेरैजसो उजुरी वैदेशिक रोजगार ठगीसँग केन्द्रित रहेर आउने गरेका छन् । अमेरिका, रोमानिया, कतार, मलेसिया, दुबई, क्रोएसिया, फ्रान्स, पोर्चुगललगायतका मुलुकमा वैदेशिक रोजगारीका लागि पठाइदिने भन्दै रकम ठगी गर्नेविरुद्ध उजुरी पर्ने गरेको आचार्य बताउँछन् ।

'वैदेशिक रोजगार ठगीका थुप्रै घटना सार्वजनिक भएपनि सर्वसाधरणमा भने अझै चेतना आउन सकेको देखिँदैन,' आचार्यले भने, 'ठगले पनि साँच्चिकै लैजाने नै जसरी प्रभावमा पारेर पीडितबाट पैसा असुल्ने र पछि फरार हुने गरेको देखिन्छ ।'

# मोरङमा २ अर्बको लगानीमा सामुदायिक अस्पताल

झापा(प्रस)। मोरङको कटहरी २ हल्दीबारीमा जीवन विकास समाजको २ अर्ब लगानीमा जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेशन फाउन्डेसन निर्माण भएको छ ।

उक्त संस्थाले सोमबार पत्रकार सम्मेलन गरी सोबारे जानकारी दिएको हो । आम नागरिकलाई सहज र सहुलियत दरमा र रोजगारी सिर्जनाका लागि निरन्तर सेवा प्रदान गर्दै आइरहेको मण्डलले दाबी गरे ।

जीवन विकास समाजले वि.सं. २०५४ सालमा मोरङको अमाहीबरियातीमा २४ घण्टे क्लिनिक सञ्चालन गरेको थियो । २४ घण्टे क्लिनिकबाट जीवन विकास पब्लिक हेल्थ सेन्टर हुँदै आज अत्याधुनिक सुविधा सम्पन्न अस्पताल सञ्चालनको अवस्थामा अत्याधुनिक चिकित्सा उपकरण र अनुभवी विशेषज्ञ चिकित्सक मार्फत आकस्मिक सेवा, विशेषज्ञ चिकित्सकहरूबाट दैनिक ओपिडी सेवा, नर्मल तथा पेनलेस डेलिभरी सेवा, जेनेरल तथा दुरबिनबाट सबै किसिमको अप्रेशन सेवा, बालरोग उपचार सेवा, डाइलासिस, आईसियु, एनआईसियु, सिसियु, एचडिसियु लगायत आधुनिक मेसिनबाट सबै




स्वास्थ्य सेवा प्रवाहका लागि २०० बेडको सुविधा सम्पन्न सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेशन फाउन्डेशनले सेवा प्रवाह सुरु गरेको संस्थाका अध्यक्ष योगेन्द्र मण्डलले जानकारी दिए । अस्पतालको जेठ २४ गते (शनिबार) प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम छ । बि.सं २०५४ सालमा स्थापना भएको जीवन विकास समाजले ग्रामीण क्षेत्र तथा विपन्न वर्गको जीवनस्तर उकास्न वित्तीय पहुँच पुऱ्याउनुका साथै शिक्षा, स्वास्थ्य, कृषि आइपुगेको उनले बताए ।

'स्वास्थ्य सेवामा सामाजिक न्याय र सबै नागरिकको समान पहुँच सुनिश्चित गर्ने लक्ष्यसहित २ अर्ब लागतमा जीवन विकास सामुदायिक अस्पताल तयार भएको छ ।

सामाजिक व्यवसायको अवधारणामा मुनाफा वितरण नगर्ने अस्पतालको रूपमा एकै पटक ठुलो लगानीमा २०० बेडसहित सेवा प्रवाह गर्ने जीवन विकास सामुदायिक अस्पताल नेपालकै पहिलो अस्पताल हो, उनले भने । किसिमको ल्याब सेवा, नाक कान घाँटीको उपचार सेवा, आँखा जाँचलगायत सबै किसिमको सेवा प्रवाह गरिरहेको उनले बताए ।

'नागरिकलाई सहुलियत दरमा सेवा प्रवाहका लागि विशेषज्ञ चिकित्सकसहित २०० जनशक्ति खटिएका छन् ।

भविष्यमा मेडिकल कलेज सञ्चालन गर्ने लक्ष्यसहित २० बिघा क्षेत्रफलमा निर्माण भएको यो अस्पतालले आफ्नो सेवालाई थप विस्तार गर्दै लैजानेछ,' उनले भने । मण्डल मोरङ क्षेत्र नम्बर ५ का संघीय सांसद पनि हुन् ।

# सदन अवरोध गर्नु लोकतन्त्र विपरीत : प्रधानमन्त्री

झापा(प्रस) । प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले गृहमन्त्री रमेश लेखकको राजीनामालाई अनावश्यक विषय बनाएर प्रतिपक्षले सदन अवरोध गर्नु लोकतन्त्र विपरीत भएको बताएका छन् । सोमबार नेकपा (एमाले) संसदीय दलको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मङ्गलबारदेखि संसद्का नियमित गतिविधि सञ्चालन हुने बताए । 'भोलिदेखि नियमित संसद् चलाउँ भनेर मैले प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'जी कुरा गर्न खोजेँ तर उहाँ जानीजानी सम्पर्कमा आउनुभएन', प्रधानमन्त्रीले भने, 'वार्ता, संवाद नगर्ने अनि सदन बन्द गर्ने मुडमा उहाँहरू हुनुहुन्छ होला । यस्तो व्यवहार सधैँ चल्दैन । संसद् यस्ता नचाइने कुरामा सधैँ बन्द हुँदैन ।'

प्रधानमन्त्री ओलीले विपक्षीले केही विषय नपाएर गृहमन्त्रीको राजीनामा मागिएको पनि बताए । 'जबकि गृहमन्त्रीमाथि कुनै उजुरी वा छानबिन चलेको छैन । त्यसकारण यस्ता कुरामा संसद् अवरुद्ध



हुँदैन', उनले भने, 'माननीयज्यूहरू तयार भएर बस्नुस् । भोलिदेखि सदन चल्छ ।' उनले सडकमा कुनै समूहले केही माग लिएर बस्दा पनि कुँदेर गएर समर्थन गर्ने र सदन पनि अवरोध गर्ने यस्ता कामले प्रतिगमनलाई सहयोग पुग्ने र लोकतन्त्रलाई असहयोग हुने प्रधानमन्त्री ओलीको भनाइ थियो ।खास परिस्थितिबाट देश अगाडि बढिरहेको गम्भीर मोडमा सरकारको बजेट प्रस्तुत भएकाले यसका पक्षमा तर्कपूर्णरुपमा आफ्ना कुरा राख्न सांसदहरूलाई आग्रह गर्दै प्रधानमन्त्री ओलीले मन्त्रीहरूलाई संसदीय गतिविधिलाई महत्व दिन निर्देशन दिए । अर्थतन्त्र ओरालो लागेको तथा अराजकता र असन्तुष्टवादीहरुले विरोध गरिरहेका बेला बेग्लै चुनौतीको अवस्थामा बजेट आएको उल्लेख गर्दै उनले राजतन्त्र आजको बहसको विषय नै नभएको बताए ।

'आजको समाजमा जन्मिँदै राजा हुने वंश परम्परा र दास मानसिकताको वकालत गर्नु मूर्खता हो । भारत र चीन वा अमेरिकामा निर्वाचित जनप्रतिनिधिले चलाएका छन् । केही देशमा खुम्चिएर राजतन्त्र टिकेको छ । दुनियाँमा राजतन्त्रको वैज्ञानिकता र न्यायिकता केही छैन । यस्तो बेलामा नेपालमा राजतन्त्र पुनः स्थापनाको कुरा गर्नेहरूको चेतनाको स्तर देख्दा दया लागेर आउँछ', प्रधानमन्त्री ओलीले भने, 'समाज थिति विधिमा चल्नुपर्छ । संविधान र कानुनबाट चल्नुपर्छ । दलभन्दा माथि जनता हुन्छन् । सम्पूर्ण शक्तिका स्रोत जनता हुन् ।' उनले अराजकता र असन्तुष्टवादीहरुले श्रीलंका वा बंगलादेश बनाउँछु भन्न खोजे पनि आखिर ती मुलुकमा लोकतन्त्रमा फर्केर मात्रै निकास आउने कुरा बुझ्नुपर्ने बताए । कतिपयमा सत्ता छोड्नुपरेकाले वैचैनी र कुण्ठा प्रकट भएको टिप्पणी गर्दै उनले सरकारको राम्रो काम नदेख्ने र असफलता गराउने खोज्ने 'घण्टाकर्ण' प्रवृत्तिहरू देखिएको बताए ।

# १०२ जना चालक ट्राफिकको कारबाहीमा



झापा(प्रस)। उपत्यका ट्राफिक प्रहरी कार्यालयले पठाओ र इनड्राइभका १०२ जना चालकलाई कारबाही गरेको छ ।

यातायात बन्दको मौका छोपेर धेरै भाडा लिने र अफलाइनमा यात्रु ओसार्न बार्गेनिङ गर्नेहरूलाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसपी दीपक गिरीले बताए ।

धेरै भाडा असुलेको आरोपमा ६ जनालाई कारबाही गरिएको छ । ९६ जनालाई 'अन्य' शीर्षकमा कारबाही गरिएको एसपी गिरीले बताए । उनले भने, 'अफलाइन बसेर बार्गेनिङ गर्ने लगायतका गतिविधिमा संलग्नहरू ९६ जनालाई कारबाही गरिएको छ ।'

## बजेटको ...

चालु आवका तीन खर्ब ५२ अर्बको तुलनामा वृद्धि गरी नयाँ आवमा पुँजीगततर्फ चार खर्ब सात अर्ब रुपियाँ विनियोजन गरी नयाँ सन्देश दिन अर्थमन्त्रीको प्रयत्न उचित छ ।

विगतमा लिइएको ऋणको साँवा र ब्याज तिर्न वित्तीय व्यवस्थातर्फ तीन खर्ब ७५ अर्ब रुपियाँ विनियोजन गरिएको छ । कुल गार्हस्थ उत्पादनको ४४ प्रतिशत सार्वजनिक ऋणको आकार पुगिसकेको सन्दर्भमा वित्तीय व्यवस्थान अझ दबाब पर्दै जाने देखिएको छ ।

बजेटले नीतिगत सुधारलाई उच्च प्राथमिकता दिएको छ । पूर्वसचिव रामेश्वर खनालको संयोजकत्वमा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग बनाइएको थियो । आयोगले गत पुसमा दिएको अन्तरिम सुझावलाई सरकारले तत्कालै कार्यान्वयनमा ल्याएको यहाँ स्मरणीय छ । सुझावकै आधारमा लगानीमैत्री वातावरणका निम्ति ल्याइएका अध्यादेश विधायिकी प्रक्रिया पूरा गरी कानुन बनिसकेका छन् । खनाल आयोगको सुझावलाई बजेट निर्माणमा ध्यान दिइएको छ । भावी दिनमा पनि आयोगका सुझाव क्रमशः कार्यान्वयन गर्ने प्रतिबद्धता पनि जनाइएको छ ।

विगतका कतिपय बजेट प्रियतावादको भ्रमजालमा हौसिए । त्यो अभ्यासबाट नयाँ बजेटले बाहिर आउने भगीरथ प्रयास गरेको छ । विकास परियोजनामा गरिने विनियोजनलाई लागत लाभको विकास अर्थशास्त्रीय सिद्धान्त र मूल्यतर्फ अग्रसर गराइएको छ । प्रभावकारी कार्यान्वयनले यसमा विश्वासको थप आधार भर्ने छ । बजेटले अनेक आशा र महत्वाकांक्षा जगाउने तर कार्यान्वयन हुन नसक्ने विगतको कुरूप वास्तविकताबाट बाहिर ल्याउनु जरुरी थियो । त्यसक्रममा बजेट कार्यान्वयन जेठ १६ गतेबाटै थालिएको अर्थमन्त्रीको भनाइले नयाँ सन्देशसमेत सम्प्रेषण गरेको छ । कार्यान्वयनमा शिथिलता महारोग नै हो । महारोगबाट मुक्ति पाउन बजेट सार्वजनिक भएको भोलिपल्टै जेठ १६ बाट कतिपय प्रावधान कार्यान्वयनमा आइसकेको अर्थमन्त्रीको स्पष्टता नयाँ आशाको आधारसमेत हो । विदेशी लगानी प्रवर्धन र विदेशमा पनि लगानी खुलाको नीतिगत सुधारले लगानीमैत्री वातावरणको आधार तय हुने छ । बजेटमा आएका अनेकौँ आयाम नीतिगत सुधार र लगानीमैत्री छन् । बजेटको प्रभावकारी कार्यान्वयनका निम्ति नीतिगत सुधारले मात्र पुग्दैन, मौजुदा प्रशासनिक कार्यशैलीमा समेत व्यापक सुधार आवश्यक छ । पारदर्शी, शीघ्र, बिनाझन्झट प्रशासनिक सेवाले मात्र लगानी प्रवर्धन गर्न सकिन्छ । यसो गर्न सक्दा बजेटको प्रभावकारी कार्यान्वयनसँगै सुशासनको प्रत्याभूतिमा समेत बढोत्तरी हुन सक्ने छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**
**फोनः ०२३-५४०४७८**
**मोः ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** — महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** — आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** — नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** — आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** — मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** — आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** — सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** — आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** — घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** — राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** — परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।